# आ.व . २०७९/८० को सातौँ कार्यपालिका बैठक

आज मिति २०७९।०५।२८ गते विहान ७:०० बजे राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो।

बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन्।

## उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका। |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | विरं वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चम्पा भुसाल, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रण बहादुर फुजाली सार्की, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका। |
| सदस्य सचिव | श्री | नेब बहादुर वली, राप्ती गाउँपालिका। |

## आमन्त्रित

श्री ठाकुर प्रसाद ज्ञवाली,पुर्व प्रहरी हानिरिक्षक, विशिष्ट अतिथि

श्री सुजन विक्रम शाह, प्रहरी निरिक्षक, अतिथि

श्री जीवराज पौडेल, पशु विकास अधिकृत

श्री विश्वास विक,शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत ( प्रशासन सेवा )

श्री सिमा भट्ट, ~~ससेप्र~~ प्रा.स.

श्री सुवास भट्टराई, कम्प्युटर अपरेटर

**प्रस्तावहरु**

१. नेपाल प्रहरीका पुर्व प्रहरी महानिरिक्षक श्री ठाकुर प्रसाद ज्ञवालीज्यूको परिचय तथा सम्मान कार्यक्रम सम्बन्धमा

२. कृषि विकास कार्यक्रम कार्यसंचालन कार्यविधि समन्धमा।

३. रोकिएको निस्सा वितरण गर्ने सम्बन्धमा ।

४. बाझोँ तथा उपयोगमा नआएको जग्गा सदुपयोगको कार्यसंचालन प्रकृया कार्यविधि सम्बन्धमा ।

५. नगर विकास समितिलाई पुर्णता दिने सम्बन्धमा ।

६. बाटो मर्मत सम्भार सम्बन्धमा ।

७. व्यवसाय कर सम्बन्धमा ।

८. विविध ।

**उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।**

**निर्णय नं. १-** नेपाल प्रहरीका पुर्व प्रहरी महानिरिक्षक श्री ठाकुर प्रसाद ज्ञवालीज्यूको परिचय तथा सम्मान कार्यक्रम सम्पन्न गरियो ।

**निर्णय नं. २-** कृषि विकास कार्यक्रम कार्यसंचालन कार्यविधि, २०७९ स्विकृत गर्ने ।

**निर्णय नं.३-** वडा नं. ५, ६,७ र ८ को लागि समयतालिका प्रकाशन गरी निस्सा वितरण गर्ने ।

**निर्णय नं.४-** बाझोँ तथा उपयोगमा नआएको जग्गा सदुपयोगको कार्यसंचालन प्रकृया कार्यविधि,२०७९ स्विकृत गर्ने।

**निर्णय नं. ५-** प्रस्ताव नं. ५ माथि छलफल गर्दा उक्त प्रस्तावमा थप गृहकार्य गर्नुपर्ने भएकोले अर्को बैठकमा छलफल गर्ने ।

**निर्णय नं.६ –** प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ व को प्रारम्भमा भएको वर्षातको कारण बाटोहरुमा खाल्डाखुल्डी मर्मत सम्भार गरी सबै टोलबस्तीहरुमा आवागमन लाई सुचारु गर्न मर्मत कोषबाट रकम खर्च हुने गरी प्रत्येक वडालाई रु ३०,०००/- भित्र रही कार्य गर्न कार्यादेश दिने ।

**निर्णय नं.७-** यस गाउँपालिका भित्र विभिन्न उद्योग, पेशा व्यवसाय संचालन गर्ने महानुभावहरुबाट कोभिड १९ ले प्रभावित भएको अवधि आ.व. २०७७।७८ र ०७८।७९ को व्यवसाय कर नविकरण तथा जरिवाना छुट सम्बन्धी माग हुन आएकोमा उक्त माग माथि यस कार्यपालिकामा छलफल गर्दा राप्ती गाउँपालिकाको आर्थिक ऐन २०७९ को दफा १२ को अधिकार प्रयोग गरी यस अघि निर्धारण भएको व्यवसाय कर सम्बन्धमा मात्र निम्नानुसारले कायम गरी कार्यान्वयन गर्ने ।

| क्र स | विवरण | छुट प्रतिशत | लागु हुने आ.व. | कैफियत |
|---|---|---|---|---|
| १ | जरिवाना | १०० | २०७७।७८ र ०७८।७९ | |
| २ | व्यवसाय नविकरण | ५० | २०७७।७८ र ०७८।७९ | |

द्रष्टव्य: आ व २०७९।८० को उल्लेखित आ.व. हरुको छुट पाउनुपर्ने करदाताबाट कर दाखिला भईसकेको अवस्थामा उल्लेखित अनुसारको छुट दावी पर्न आएमा नियमानुसार कर समायोजन गर्न सकिनेछ ।

**निर्णय नं.८-** यस अघि गरिएका कार्यपालिका बैठकका निर्णयका सम्बन्धमा समिक्षात्मक छलफल गरी निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने ।